# रास्कोट नगरपालिका

# स्थानीय राजपत्र

**रास्कोट नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ७, संख्या ६, रास्कोट राजपत्र, मितिः २०८०।०९।२४**

**भाग १**

# दलित सशक्तिकरण ऐन २०८०

**प्रस्तावना :**

नेपालको कानुनत:प्रत्येक ब्यक्ती अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै, संबिधान र कानुनी रुपमा सवै प्रकारको भेदभाव र जातीय छुवाछुत प्रणालीको अन्त्य भईसकेको भएता पनि अन्धबिश्वास तथा सामाजिक कुसंस्कारका अवशेष बिधमान अवस्था सम्म रहीरहेको कारण ब्यवहारमा दलित समुदाय माथि भेदभाव तथा हिँसाजन्य घटनाहरु घटिरहेको अवस्थामा यस्तो बिकृति र कुरीतिलाई अन्त्य गर्नु बाँन्छनिय भएकाले,

नेपालको संबिधानको धारा २४ छुवाछुत तथा भेदभावबिरुद्धको मौलिकहक र धारा ४० मा दलितको हकलाई आत्मसातगर्दै दलित समुदायको सामाजिक, साँस्कृतिक, राजनितिक, नागरिक,आर्थिक,शैक्षिकबिकास प्रक्रियामा दलित समुदायको अर्थपुर्ण समानुपातिक सहभागीता सुनिश्चित गर्ने संकल्प गर्दै, कर्णाली प्रदेश, कालीकोट जिल्लामा रहेको खाँडाचक्रनगरपालिमा जातिय भेदभाव तथा छुवाछुतपुर्ण रुपमा अन्त्य गर्ने र दलित समुदायको शैक्षिक, सामाजिक,राजनितिक, नागरिक, साँस्कृतिक अधिकार प्रर्बद्धन तथा दलित समुदायको

सशक्तीकरण गर्ने सम्वन्धि कानुनी व्यवस्था गर्न बान्छनिय भएकोले रास्कोटनगरपालिकाको नगरसभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारभ्भ :** १) यस ऐनको नाम **दलित सशक्तिकरण ऐन २०८०** रहेको छ ।

२) यो ऐनतुरुन्तप्रारम्भ हुनेछ । ३) यो ऐन रास्कोट नगरपालिका भर लागु हुनेछ ।

**२. परिभाषा :** बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "आयोग"भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्भनु पर्छ ।

ख)कसुर भन्नाले मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १६०,१६१,१६२,१६३,१६४,१६५,१६६,१६८, बमोजिमको अपराधलाई सम्भनु पर्दछ ।

**ग) "संहिता"** भन्नाले मुलुकी अपराध संहिता ऐन २०७४ लाई सम्भनु पर्छ ।

**घ) "दलित"** भन्नाले राष्ट्रिय दलित आयोगले सुचिकृत गरेको जातजातिलाई सम्भनु पर्छ ।

**ङ) "जातिय भेदभाव तथा छुवाछुत"** भन्नाले जातिय भेदभाव तथा छुवाछुत कुसुर र सजाय ऐन २०६८ को दफा ४ बमोजिमको कार्य सम्भनु पर्छ ।

**च) "सार्वजनिक स्थान"** भन्नाले सरकारी वा गैह्र सरकारी कार्यालय, शैक्षिक वा औधोगिक प्रतिष्ठान, प्राचीन स्मारक , सार्वजनिक स्थल, पाटीपौवा, धारा, कुवा,पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधान, मसानघाट,उधान, बगैचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्भनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री बितरण गर्ने अन्यकुनै पनि स्थान समेतलाई जनाउनेछ ।

**छ)"सार्वजनिक सेवा"** भन्नाले सरकारी वा गैह्र सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औधोगिकवा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म,पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्भनु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैह्र सरकारी निकायवाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगमा कुनै पनि सेवा र सुबिधा समेतलाई जनाउनेछ ।

ज) **"सार्वजनिक समारोह"**भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पुजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा साँस्कृतिक समारोह सम्भनु पर्छ ।

**झ) "सार्वजनिक पद धारण गरेको ब्यक्ती"भन्नाले** संबिधान, अन्य प्रचलित कानुन वा सम्वन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तिारी प्रयोग गर्ने पाउने वाकुनै कर्तब्य पालना गर्नुपर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको

व्यक्ती सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमाबहाल रहेको पदाधिकारी वाकर्मचारी समेतलाई जनाउनेछ ।

**ञ) "अनुगमन समिति"**भन्नाले दफा ३ बमोजिम गठन हुने जातिय भेदभाव तथा छुवाछुत अनुगमन समिति सम्झनु पर्छ ।

**ट) "विकास समिति"**भन्नाले दफा ७ बमोजिम गठन हुने दलितविकास समिति सम्झनु पर्छ।

**ठ) "तोकिएको वा तोकिए बमोजिम"**भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## जातीय बिभेद तथा छुवाछुत अनुगमन समिति सम्वन्धि अवस्था

**३.समिति गठन :** (१) जातीय विभेद तथा छुवाछुतको घटनाहरुको अध्ययन, अनुगमन तथा जातिय बिभेद तथा छुवाछुतको कानुनको कार्यान्वय, रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतका नगरपालिकामा एक जातीय विभेद तथा छुवाछुत अनुगमन समिति रहनेछ ।

२) उपदफा (१) बमोजिमको समिति गठन देहाय बमोजिम हुनेछ

**नगर कार्यसमिति :**

(१) नगर स्तरमा जातिय विभेद तथा छुवाछुत घटनाहरुलाई नियन्त्रण गर्न तथा निगरानी गर्न नगरमा देहाय बमोजिमको १३ सदस्यीय एक कार्य  समिति रहनेछ

क) नगर उपप्रमुख : संयोजक

ख) दलित अधिकारको क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्तीमध्ये संयोजकले मनोनित गरेको महिला १ जना : सदस्य

ग) ९ वडाका वडा अध्यक्ष ९ जना : सदस्य

घ) नगर दलित संजालको अध्यक्ष : सदस्य

घ) प्रमुख प्रशासकिय अधिकृत : सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले देहाय बमोजिमको काम गर्ने छ ।

क) स्थानीय स्तरमा दलित समुदायको हक अधिकारको संरक्षण र प्रवर्धनका लागि नगर स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

ख) दलित समुदायको हक अधिकार संरक्षण र प्रवर्धनका लागि स्थानिय तहमा देखा परेका बाधा अवरोध समस्या निराकरण गर्ने ।

ग) दलित समुदायको हक अधिकारको संरक्षण र प्रबर्धन लागि नगर स्तरमा गर्नुपर्ने

घ) दलित समुदाय माथि भेदभाव बिरुद्धको कानुन कार्यन्वयन गर्न सहयोग गर्ने, गराउने

ङ) नगर स्तरमा दलित समुदायको हक अधिकार संरक्षण  र प्रबर्धन लागि गर्नुपर्ने आवश्यक सहयोग गर्ने ।

च) दलित बिद्याथिहरु लागि निशूल्क तथा अनिवार्य शिक्षाको ब्यवस्था मिलाउन सम्पुर्ण काम गर्ने ।

छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,गराउने,

**वडा कार्यसमिति :**

(१) वडा स्तरमा जातिय विभेद तथा छुवाछुत घटनाहरुलाई नियन्त्रण गर्न तथा निगरानी गर्न प्रत्येक वडामा देहाय बमोजिमको ९ सदस्यीय एक कार्य  समिति रहनेछ

क)वडाअध्यक्ष संयोजक

ख) दलित अधिकारको क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको ब्यक्तीमध्ये संयोजकले मनोनित गरेको १ जना महिला सहित २ जना : सदस्य

ग) सम्वन्धित वडाको नगरको कार्यपालिकाको सदस्य वा नगर सभा सदस्य सहित ४ जना  : सदस्य

घ) सम्वन्धित वडाको दलित संजालको अध्यक्ष :  सदस्य

घ) वडा सचिव : सदस्य सचिव

(३) उपदफा(१)बमोजिमको समितिको कार्य संचालनका लागि नगरपालिकाको कार्यालयमा सर्म्पक तथा समन्वय इकाई स्थापना गरिनेछ ।

**४) समितिको काम, कर्तब्य र अधिकार :** (१) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जातीय भेदभाव तथा अन्य अपमानजनक ब्यवहार सम्वन्धि कुसुरमा अनुसन्धान, कानूनी कारवाही लगायतको कुराहरुको अनुगमन तथा निगरानी गर्ने ।

ख) दलित समुदायको हकअधिकारको संरक्षण र हितप्रबर्धनका लागि संचालीत कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आवश्यक सहयोग, सहजीकरण, समन्वय तथा अनुगमन गर्ने।

ग) दलित समुदायको हक अधिकारको संरक्षण र हित प्रबर्धनका लागि नगरपालिका स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

घ) दलित समुदायको हक संरक्षण र हितको प्रर्बधनका लागि नगरपालिका स्तरमा देखा परेका बाधा र अवरोधको समस्या निराकरण गर्ने ।

ङ) दलित समुदायकाको हकअधिकारको संरक्षण र प्रबर्धनका लागि नगर स्तरमा गर्नुपर्ने कार्यहरु गर्ने

च) दलित समुदाय उपरको भेदभावबिरुद्धको कानुन कार्यन्वयन गर्न सहयोग गर्ने, गराउने ।

छ) सरकारी वा गैह्र सरकारी क्षेत्रवाट दलित समुदायको हकअधिकार संरक्षण र हितप्रबर्धनका लागि संचालित कार्यक्रमहरुको समन्वय गर्ने ।

ज) जातिय भेदभाव तथा छुवाछुतको अवस्थाबारेमा नियमित रुपमा अनुगमन गर्ने र गराउने ।

झ) जातीय भेदभाव र छुवाछुत अन्त्यको लागि नीतिगत विषयमा नगर सभालाई सल्लाह र सुझाव प्रदान गर्ने

ञ) तोकिए बमोजिमका अन्यकार्य गर्ने, गराउने (२) समितिले आवश्यक देखेमा सदस्य वा अन्य निकायका पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५)समितिको बैठक सम्वन्धि कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६) जातिय भेदभाव तथा छुवाछुतको अनुगमनका लागि वडा स्तरीय समिति :** (१) वडा स्तरमा जातिय विभेद तथा छुवाछुत घटनाहरुलाई नियन्त्रण गर्न तथा निगरानी गर्न प्रत्येक वडामा देहाय बमोजिमको तीन सदस्यीय एक जातीय बिभेद तथा छुवाछुत अनुगमन समिति रहनेछ

क) वडाअध्यक्ष संयोजक

ख) दलित अधिकारको क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्तीमध्ये वडाले मनोनित गरेको स्थानिय १ जना : सदस्य

ग) वडा सचिव : सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले देहाय बमोजिमको काम गर्ने छ ।

क) स्थानीय स्तरमा दलित समुदायको हक अधिकारको संरक्षण र प्रवर्धनका लागि वडा स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

ख) दलित समुदायको हक अधिकार संरक्षण र प्रवर्धनका लागि स्थानिय तहमा देखा परेका बाधा अवरोध समस्या निराकरण गर्ने ।

ग) दलित समुदायको हक अधिकारको संरक्षण र प्रबर्धन लागि वडा स्तरमा गर्नुपर्ने कार्यका लागि नगर स्तरीय समन्वय समितिलाई प्रतिवेदन तथा पृष्टपोषण गर्ने ।

घ) दलित समुदाय माथि भेदभाव बिरुद्धको कानुन कार्यन्वयन गर्न सहयोग गर्ने, गराउने

ङ) वडा स्तरमा दलित समुदायको हक अधिकार संरक्षण र प्रबर्धन लागि गर्नुपर्ने आवश्यक सहयोग गर्ने ।

च) दलित बिद्याथिहरु लागि निशूल्क तथा अनिवार्य शिक्षाको ब्यवस्था मिलाउन सम्पुर्ण काम गर्ने ।

छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,गराउने,

३) समितिको बैठक सम्वन्धि कार्यबिधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## दलित सशक्तीकरण क्षेत्र तथा ब्यवस्था

**७) दलित समुदायको समानुपातिक समावेशीकरण सम्वन्धि ब्यवस्था :(नेपालको संबिधान २०७२ को धारा ४० को उपधारा १ बमोजिम)**

क) नगरपालिकाले सृजना गर्ने रोजगारीका अवसरहरुमा दलित समुदायहरुलाई समानुपातिक प्रतिनिधित्व हुने गरि अवसर प्रदान गरिनेछ ।

ख) नगरपालिका क्रियाशिल सरकारी तथा गैह्र सरकारी निकायहरुमा दलित समुदायको समानुपाति समावेशिकरणको सिदान्तका आधारमा अर्थपुर्ण सहभागीता सुनिश्चित गर्ने ।

ग) नगरपालिकाले नियुक्ती गर्ने जुनसुकै नियुक्तीहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको लागि अधिकतम प्रयास गरिनेछ।

ग) नगरपालिकामा संचालन हुने बिकास निर्माणका क्षेत्रमा दलित समुदायको कम्तीमा २० प्रतिशत सहभागीता सुनिश्चित गर्ने ।

घ) दलित समुदायको सशक्तीकरणका लागि नगरपालिका र वडा कार्यालयले बार्षिक बजेट बिनियोजन गर्दा आवश्कता अनुसार बजेट बिनियोजन गरि कार्यक्रमहरु संचालन गर्ने ।

ङ) दलित समुदायहरुको नेतृत्व बिकासका लागि नगरपालिकाले बिशेष कार्यक्रम मार्फत सशक्तीकरण गर्ने ।

**८) निशुल्क शिक्षा सम्वन्धि ब्यवस्था : (नेपालको संबिधान २०७२ को धारा ४० को उपधारा २ बमोजिम**

क) प्रत्येक दलित बिद्यार्थिलाई प्राथमिक देखी उच्च माध्यामिक तहसम्म अनिबार्य र निशुल्क शिक्षाको ब्यवस्था गरिनेछ

ख) (उपदफा (१) बमोजिम निशुल्क शिक्षाका लागि नगरपालिकाले आवश्यक प्रबन्ध मिलाउनेछ ।

ग) दलित बिद्यार्थिको उच्च शिक्षा तथा प्राबिधिक शिक्षामा पुर्ण छात्रबृति प्रदान गरिनेछ

घ) उपदफा (३) बमोजिमका उच्च तथा प्राबिधिक शिक्षाको छात्रवृतिको कार्यबिधि रास्कोटनगरपालीकाले तोके बमोजिम हुनेछ ।

ङ) दलित बालबालिकाहरुको शिक्षामा पहुँच अभिबृदी गर्नका लागि गृह शिक्षकहरुको ब्यवस्था गरि घरमा पढ्ने बातावरण सृजना गर्ने ।

च) भौगोलिक हिसावल बिकट रहेका दलित बस्तीहरुको बालविकास केन्द्रहरुको स्थापना गर्ने ।

छ)जोखीममा रहेका दलित बालबालिकाहरुलाई शैक्षिक सामाग्रीहरु उपलब्ध गराई शिक्षामा नियमितता गर्ने ।

ज) एक बिद्यालय एक दलित शिक्षकको ब्यवस्था गर्ने पहल गरिनेछ ।

झ) दलित युवाहरुलाई लोक सेवा आयोग तिर आकर्षण बढाउनका लागि निशुल्क तयारी कक्षा संचालन गर्ने ।

९)स्वास्थ्य तथा सामाजिक सुरक्षा सम्वन्धि ब्यवस्था : नेपालको संबिधान २०७२ को धारा ४० को उपधारा ३ बमोजिम

क) दलित समुदायहरु लागि निशूल्क स्वास्थ्य सेवाको उपलब्धता गर्ने ।

ख) दलित समुदायलाई स्वास्थ्य बिमा निशूल्क गरिनेछ

ग) गरिव तथा बिपन्न दलित समुदायका ब्यक्तीलाई जटिल तथा गम्भीर प्रकृतिको रोगब्याधीमा न्युनतम् शुल्कमा स्वास्थ्य उपचार गर्ने ब्यवस्था गरिनेछ ।

घ) दलित समुदायका बालबालिका कुपोषण हटाउनका लागि पोषणयुक्त खाद्य सामाग्री उपलब्ध गराउने र पोषण सम्वन्धि जनचेतनामुलक अभियान सचालन गरिनेछ ।

ङ)बिपन्न टुहुरा, अनाथ, असाहय दलित बालबालिकाहरुका लागि नगरपालिकावाट विशेष ब्यवस्था गरिनेछ ।

च) क र ख बर्ग सम्मका अपाङ्गता भएका दलित समुदायका ब्यक्तीहरुलाई अपाङ्गता परिचय पत्रका आधारमा मासिक भत्ताको ब्यवस्था गरिनेछ ।

छ) अन्तरजातिय बिवाह गर्ने जोडीहरुलाई नगरपालिका मार्फत प्रोत्साहन गरिनेछ ।

१०) परम्परात पेशा र सिपलाई आधुनिकरण गर्ने सम्वन्धि ब्यवस्था :

क) दलित समुदाय परम्परागत सिपहरुलाई आधुनिकरण गर्नका लागि उचित श्रोत र साधानको  व्यवस्थापन गर्ने ।

ख) नगरपालिका मार्फत परम्परागत सिपलाई आधुनिकरण गर्नका लागि सिपयुक्त व्यक्तीहरु पहिचान गरि उनीहरुलाई तालीमहरुको व्यवस्थापन गर्ने ।

ग)  दलित समुदायको परम्परागत सिपलाई आधुनिकरण गर्न नगर स्तरमा औधोगिक ग्रामको स्थापना गर्ने ।

११) भुमिहिन र आवास विहिन दलित समुदायको पहिचान तथा उपलब्धता सम्वन्धि व्यवस्था

क) नगरपालीकामा रहेका भुमिहिन र आवास विहिन दलित समुदायको अवस्था पहिचान गरि भुमि र आवास नभएका दलित समुदायलाई भुमि र आवासको व्यवस्था गर्ने ।

ख) प्राकृतिक प्रकोपको जोखिममा रहेको दलित वस्तिहरुलाई सुरक्षित ठाउँमा स्थान्तरण गर्ने ।

१२) जातिय भेदभाव तथा छुवाछुत विरुद्ध सम्वन्धि व्यवस्था :

क) नेपालको संविधान २०७२ को धारा २४ ले जातिय भेदभाव तथा छुवाछुत सम्वन्धि गरेको व्यवस्थाहरुको नगरपालीका मार्फत कडाइका साथ कार्यन्वयन गर्ने ।

ख)) नगरपालीका मार्फत जातिय भेदभाव तथा छुवाछुत प्रर्थालाई अन्त्य गर्नका लागी जातिय छुवाछुत विरुद्धका अभियान संचालन गरि टोल, वस्ति, वडा र नगरपालीकालाई जातिय छुवाछुत मुक्त घोषणा गर्ने ।

## परिच्छेद ४

## दलित बिकास समिति सम्वन्धि ब्यवस्था

### १३. समितिको गठन :

१) नगरपालिकाका बिभिन्न भागमा छरीएर बसोवास गरिरहेका दलित समुदायको हकमा रहेका कार्यक्रम तथा योजना तर्जुमा एवं कार्यन्वयन गर्ने उदेश्यले रास्कोटनगरपालिकामा दलित बिकास समिति गठन गरिने छ ।

२. उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) कार्यपालिकामा दलित समुदायवाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य : अध्यक्ष

ख) सामाजिक बिकास समिति संयोजक : सदस्य

ग) नगरपालिका रहेको बिद्यायक समिति संयोजक : सदस्य

घ) दलित समुदायहरुको क्षेत्रमा कम्तीमा ५ वर्ष सम्म क्रियाशिल भएर लागेका सामाजिक अभियान्ताहरु मध्येवाट नगरपालिकाले मनोनित गरेको १ जना महिला सहित ३ जना : सदस्य

ङ) दलित समुदायवाट मनोनित अधिकृत स्तरको कर्मचारी : सदस्य सचिव

३) मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ र निजहरु पुन : मनोनित हुन सक्नेछन्

४) सदस्य सचिवको हकमा नगरपालिकाले दलित समुदायवाट कम्तीमा स्नातक तह वा सो सरह उतिर्ण गरेको दलित हक अधिकारको क्षेत्रमा कम्तीमा ७ वर्षसम्म काम गरेको र निति, कार्यक्रम,बजेट, योजना र ब्यवस्थापनको क्षेत्रमा काम गर्न सक्ने ब्यक्तीलाई सदस्य सचिवको मनोनित नियुक्त गर्न सक्ने छ ।

५) उपदफा २ को,(ङ) बमोजिम मनोनितसदस्य सचिवको नियुक्ती,काम कर्तब्य र अधिकार,तथा सेवाको सर्त लगायत अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

६) समितिले आवश्यक देखेमा रास्कोट नगरपालिकाको कुनै अधिकृत वा कुनै बिशेषज्ञलाई समितिमा बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ

७) समितिको बैठक कम्ती २ महिनाको एक पटक अनिवार्य वस्नेछ ।

८) दलित बिकास समितिको काम कर्तब्य र अधिकारः (१) दफा १३ बमोजिम गठन हुने समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) उपेक्षित, उत्पीडीत दलित वर्गको आर्थिक तथा सामाजिक बिकासका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने

ख) नगरपालिका, बिदेशी सरकार वा राष्ट्रिय अर्न्तराष्ट्रिय संघसंस्थावाट प्राप्त सहयोग एवं साधन श्रोतका आधारमा तयार गरिने दलितसंग सम्वन्धि बिभिन्न कार्यक्रमहरुको गाँउ स्तरसम्म प्रभावकारी रुपमा पुर्याउन समन्वय गर्ने ।

ग) दलित समुदायको आर्थिकतथा सामाजिक पक्षको बिकास सम्वन्धि अध्ययन अनुसन्धान गर्नुका साथै तत्सम्वन्धि पुस्तक लेख आदि प्रकाशन एवं सुचना पद्धतिको स्थापना गर्ने, गराउने

घ) दलित समुदायका ब्यक्तीहरुलाई तोकिएको आधारमा स्वदेश तथा बिदेशमा अध्ययन गर्न छात्रबृत्ती उपलब्ध गराउन नगरपालिका, प्रदेश र संघिय सरकार समक्ष अनुरोध तथा सिफारिस गर्ने ।

ङ) समितिको बार्षिक बजेट तथा कार्यक्रम तयार गरि स्विकृत गर्ने ।

च) दलित समुदायको विविध पक्षहरुको बिकास तथा सशक्तीकरणका लाग बिभिन्न गोष्ठि,तालीम तथा सेमिनार संचालन गर्ने र गराउने ।

झ) भुमिहिन दलितहरुको पहिचान तथा उनीहरुको अवस्था सम्वन्धमा अध्ययन, अनुसन्धान गरी सम्वन्धित निकायमा पठाउने ।

ञ) संबिधानको धारा ४० को आधारमा बनेका सम्पुर्ण ऐनको कार्यन्वयनको अवस्थाका अध्ययन, अनुसन्धान गर्ने र सो कार्यन्वयन आवश्यक सहयोग गर्ने ।

ट) तोकिएको अन्य आवश्यकता अनुसारको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५

## विविध

१४) समानुपातिक समावेशीको पालन गर्नुपर्ने : १) राज्यका सवै निकायमा दलित समुदायलाई समानुपातिक सिद्धान्तको आधारमा सहभागीता हुने ब्यवस्था गरिनेछ ।

१५) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्वन गर्दा दलितका लागि आरक्षित सिट मध्य ३० प्रतिशत दलित महिलाका लागि सुनिश्चित गरिनेछ ।

१६) उपदफा (१) बमोजिम सार्वजनिक तथा सरकारी सेवा समानुपातिक समावेशी सिद्धान्तको परिचालन गर्नको लागि दलित समुदायलाई सशक्तीकरणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७) उपदफा (३) बमोजिमको सशक्तीकरण कार्यक्रम गर्न नगरपालिकाले बिशेष ब्यवस्था तथा कार्यबिधि निर्माण गर्नेछ ।

१८) उजुरी गर्न सकिने : जातिय भेदभाव तथा छुवाछुत सम्वन्धि घटना सम्वन्धमा नगरपालिका स्तरीय दलित बिकास समिति,न्यायिक समिति र जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्न सकिनेछ ।